कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, झापा
वन व्यवस्थापन

Email: dfojhapa@gmail.com

प.सं.: ०८२।०८३

## गोलिया काठ र दाउराको शिलबन्दी बोलपत्रद्धारा लिलाम विक्रीको सूचना
## प्रथम पटक सूचना प्रकाशित मिति २०८२।०६।१२

यस कार्यालयबाट मिति २०८२।०६।१२ मा प्रकाशित सूचना बमोजिम यस कार्यालय र अन्तर्गतका सब डिभिजन वन कार्यालय र अरिदमण गण चारआली व्यारेक कम्पाउण्डको घाटगढीमा रहेको साल, सिसौ, सागवान, खमारी, कपोक र मसला समेत जातका तपशिल बमोजिमका वन पैदावार जे जस्तो अवस्थामा छन् सोही अवस्थामा शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन पैदावारको कारोवार गर्ने रितपूर्वक उधोग दर्ता भएका फर्मको प्रमाण पत्र, मु.अ.करमा दर्ता प्रमाण पत्र, करचुक्ता र उधोग सुचिकृत प्रमाण प्रत्र वा अध्यावधिक गर्नु पर्ने भए सो समेत भएका उधोगले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र यस कार्यालयमा दरभाउपत्र/बोलपत्र खरिद गरी तोकिएको शर्तहरुको अधिनमा रही दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत जानकारी डिभिजन वन कार्यालय, झापाको सूचना पाटीमा टाँस गरिएको व्यहोरा अनुरोध छ ।

तपशिल

| सि.नं. | लट नं. | जात | थान | गोलिया परिमाण क्यू. फि | दाउरा चट्टा | घाटगद्धी स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १ | साल | ७१ | ४४४.९९ | १ | डि.व.का, झापा, कनकाई स. डि. व. का, सुरुङ्गा, दमक स.डि.व.का, बेलडाँगी र अरिदमण गण चारआली व्यारेक | |
| | | कपोक | १९ | १७९.५९ | ०.५० | | |
| | | सिसौं वृ | ३१ | ८४.८९ | ०.१४ | | |
| | | मसला | ६ | ७२.१६ | | | |
| जम्मा | | | १२७ | ७८१.६३ क्यू.फि | १.६४ चट्टा | | |
| २ | २ | सागवान | ७३ | ६२५.७४ | ०.६० | जलथल स.डि.व.का, रंगियाडाँडा | |
| | | खमारी | ३ | २३.११ | ०.१५ | | |
| जम्मा | | | ७६ | ६४८.८५ क्यू.फि | ०.७५ | | |

दरभाउ पत्र सम्बन्धि शर्तशरुः

१. बोलपत्र।दरभाउ पत्र खरिदकर्तालि मिति २०८२।०६।१२ गते देखि मिति २०८२।०७।०२ गते सम्म कार्यालय समयभित्र दरभाउ पत्र खरिद गरी मिति २०८२।०७।०९ गते दिनको १:०० बजे सम्म डि.व.का, झापामा शिलवन्दि बोलपत्र दर्ता गराई सक्नु पर्नेछ ।

२. एउटा लटको लागि खरिद गरिएको दरभाउ पत्र अर्को लटको प्रयोजनको लागि प्रयोग गर्न पाइने छैन ।

३. म्याद भित्र दर्ता भएका बोलपत्र। दरभाउ पत्रहरु नियमानुसार मिति २०८२।०७।१२ गते कार्यालय समय पछाडी डि.व.का, झापामा खोलिने छ ।

४. बोलपत्र।दरभाउपत्रमा अंक र अक्षरमा फरक रकम उल्लेख गरिएको पाइएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

५.स्वीकृत बोलपत्र।दरभाउपत्र दाताले बिक्री सदर भएको मितिले आफुले कबोल गरेको रकम १० दिन भित्र यस कार्यालयमा दाखिला गरिसक्नुपर्ने छ ।

भरतबाबु श्रेष्ठ
डिभिजनल वन अधिकृत

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, झापा
वन व्यवस्थापन

प.सं.: ०८२।०८३ Email: dfojhapa@gmail.com

६. वोलपत्र।दरभाउ पत्र स्वीकृत भएको मितिले २१ दिन भित्र वन पैदावारको इजाजत लिई उठाइ लगि सक्नुपर्ने छ । संकलन खर्च वापतको रकम वोलकबोल रकम भन्दा अलग्गै थप लाग्नेछ ।

७. सहि छाप नभई तथा शिलबन्दी नभई प्राप्त भएको वोलपत्र।दरभाउ पत्रलाई समावेश गरिने छैन ।

८. वोलपत्र/दरभाउपत्रमा कुनै शर्त उल्लेख गरिएको पाइएमा उक्त दरभाउ पत्र स्वीकृत गरिने छैन ।

९. जुन फर्म/संस्थाबाट वोलपत्र/दरभाउपत्र खरिद गरिएको हो सोही संस्थाबाट हस्ताक्षर र छाप सहितको दरभाउपत्र मात्र मान्य हुँने छ ।

१०. खाम र वोलपत्र/दरभाउपत्रमा फारममा लट नं. फरक परेको दरभाउपत्रलाई समावेश गराइने छैन

११. वोलपत्र/दरभाउपत्र दाताले आफुले सकार गर्न खोजेको लटको कवोल अंकको १० प्रतिशतले हुँन आउने धरौटी वापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक भद्रपुर, झापा स्थित प्रदेश लेखा इकाई कार्यालय, झापाको धरौटी खाता नं. २२१०१००२०२०३०००० मा नगदै जम्मा गरेको सक्कलै भौचर वा सो बराबरको बैंकहरुद्धारा जारी गरिएको ६ महिना भन्दा बढीको बैंक ग्यारेन्टी धरौटीको रुपमा दाखिला भएको प्रमाण समावेश भएको हुनुपर्ने छ ।

१२. वोलपत्र/दरभाउपत्र खरिद गर्न आउदा यस आ.व का लागि नविकरण भएको इजाजत पत्र, मु.अ.कर प्रमाण पत्र र गत आ.वको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न राखी निवेदन पेश गर्नुपर्ने छ ।

१३. वोलपत्र कवोल गरेको काठहरु जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा उठाई लैजानुपर्दछ ।

१४. दरभाउपत्रमा लटमा उल्लेखीत प्रत्येक जात र ग्रेडको सकार रकम स्पष्ट उल्लेख गराउनु पर्ने छ ।

१५. दरभाउपत्र जुन कार्यालयबाट खरिद गरेको हो सोही कार्यालयमा समेत दर्ता गर्न सकिने छ।

१६. कोशी प्रदेश वन नियमावली २०८० को नियम १४८ बमोजिम सूचिकृत भएका उधोगले मात्र लिलाममा भाग लिन पाइने छ । उक्त सूचिकृत उधोगले आ.व ०८२/०८३ को अधावधिक समेत गरिएको हुनु पर्नेछ ।

१७. प्रदेश सेवा शुल्क वापतको रकम साल र सिसौ वृ जातको A र B ग्रेडको रु.१० र साल जातको C र D ग्रेडको रु. ७, र अन्य जातको हकमा रु ५।०० का दरले अतिरिक्त शुल्क लाग्ने छ ।

१८.अन्य थप कुरा आवश्यक परेमा यस कार्यालयको प्रशासन शाखाबाट कार्यालय समयमा जानकारी लिन सकिनेछ ।

२०८२।१।१०
भरतबाबु श्रेष्ठ
डिभिजनल वन अधिकृत